छनौट परीक्षा:-

(१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५पूर्णाङ्कको सेवा सम्वन्धी विषय र ५० पूर्णाङ्कको कम्प्यूटर सम्वन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिईनेछ ।

(२) उपदफा (१)बमोजिमको परीक्षामा सहभागी उमेदवारले उतीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठयक्रम देहाए अनुसार हुनेछः

(क) सेवा सम्वन्धी:-

१. रोजगारीको हकसम्वन्धी ऐन,२०७५ र रोजगारीको हमसम्वन्धी नियमावली, २०७५,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजानिक निर्माणमक कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुवीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृया

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९.सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

(ख) कम्प्यूटर सम्वन्धी

1. Computer fundamental
2. Operating system
3. Word processing
4. Electronic Spreadsheet
5. Database managemet system
6. Presentation system